पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive
पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : ०७७/७८
चलानी नं./Ref. No. : १०२६

पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पूर्वखोला, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

मितिः २०७८/०१/१९

श्री जो जसं सँग सम्बन्धित छ ।

विषयः पूर्वखोला गाउँपालिकाको अनुरोध

प्रस्तुंत विषयका सम्बन्धमा नेपाल लगायत अन्य देशहरुमा फैलिदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को महामारी फैलिरहेको र यस गाउँपालिकाको विभिन्न वडाका सामुदाय स्तरमा समेत कोभिड-१९ को संक्रमण देखिएकोले जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) पाल्पाको मिति २०७८/०१/१५ को निर्णय र पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश अनुसार मिति २०७८/०१/१७ गते राति १२:०० बजे देखि २०७८/०१/२४ गते राति १२:०० बजे सम्म पाल्पा जिल्लाभर निषेधाज्ञा जारि गरेको हुदाँ उक्त आदेश पूर्ण रुपमा पालना गर्न गराउनुहुन सबैमा अनुरोध गरिन्छ ।

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पाल्पा

☎ ०७५ ५२०१२३, ५२०१२४, ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.con
Website: http://daopalpa.moha.gov.nj
Facebook Page : www.facebook.com/daopalp:

च. नं : ६६७२
पत्र संख्या : ०७७/०७८

मिति: २०७८।१।१५

## पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारीवाट जारी आदेश

विगतका केही दिन यता विश्वमा फैलिदै गइरहेको नयां भेरियन्ट सहितको कोभिड –१९ को महामारी नेपालमा पनि फैलिएको र पाल्पा जिल्लामा समेत यसको संक्रमण तिव्ररुपमा वढी रहेको हुंदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार (मं.प.) को मिति २०७८।१।१३ को निर्णय तथा जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) पाल्पाको मिति २०७८।१।१५ को निर्णय समेतका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।१।१७ गते राति १२.०० देखि मिति २०७८।१।२४ गते राति १२.०० बजे सम्म पाल्पा जिल्लाभर लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ। यो आदेशको पालना गर्नु गराउनु हुन सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । कसैले यो आदेशको उल्लंघन गरेमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ वमोजिम कारवाही हुने व्यहोरा समेत सम्वन्धित सवैमा जानकारी गराइन्छ ।

### तपशील

१. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम वाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।

२. सवै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।

३. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले डयुटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री

योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा
(प्रशासन फाँट)

☎ ०७५ { ५२०१२३, ५२०१२४, ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/daopalpa

च. नं : ६६७२
पत्र संख्या : ०७७/०७८

बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरु, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक पाल्पा जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने। तर पाल्पा जिल्ला भएर अन्य जिल्ला जाने सवारी साधनहरु पाल्पा जिल्लामा यात्रु ओराल्न र चढाउन नपाउने गरी संचालन गर्न दिने।

४. सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, व्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने। तर होटल तथा रेष्टुरेन्टहरुले विहान ६.०० वजेवाट ११.०० वजेसम्म मात्र टेक अवे सेवा संचालन गर्न सक्ने।

५. विवाह, व्रतवन्ध एवम अन्य संस्कारजन्य कार्यक्रमहरु घरमै संचालन गर्नुपर्ने र त्यस्ता कार्यक्रममा स्वास्थ सुरक्षाका मापदण्ड अनिवार्य रुपमा अपनाई २५ जना भन्दा वढी सहभागि हुन नपाइने।

६. औषधी एवम स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेटोलियम पदार्थ तथा निर्माण सामग्रीका पसलहरु दिनमा १ पटकमात्र विहान ६.०० वजेवाट ११.०० वजेसम्म मात्र संचालन गर्न पाउने।

७. स्वास्थ सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकल, बैंक तथा वित्तीय संस्थाहरुवाट प्रवाह हुने सेवा वाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालय तथा निकायहरुवाट प्रदान गरिने सवै प्रकारका सेवाहरु वन्द गर्ने।

८. मठ मन्दिरहरु तथा विभिन्न धार्मिकस्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पूजा वाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु संचालन नगर्ने।

०७८।१।१५

योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी